# व्यवसायिक भैंसीपालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना २८ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ मंसिर १९ गतेदेखि २१ गतेसम्म बाके जिल्लाको खजुरा मा **"व्यवसायिक भैंसीपालन तालिम"** सम्पन्न गरेको संस्थाका खजुरा शाखा कार्यालयका शाखा प्रमुख श्री लेखनाथ काफ्ले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री बुद्धि बहादुर थापा, श्री नविना थापा, क्षेत्रीय कार्यालय कोहलपुरका कार्यक्रम अधिकृत श्री प्रेम प्रसाद सुवेदी, शाखा कार्यालय खजुराका प्रमुख श्री लेखनाथ काफ्ले रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय कार्यालय कोहलपुरका कार्यक्रम अधिकृत प्रेम प्रसाद सुवेदीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा शाखा प्रमुख श्री लेखनाथ काफ्लेले प्रकाश पारेका थिए ।

भैंसीपालन तालिममा नेपालमा पशुपालन व्यवसायको महत्व, भैसीको जातिय परिचय, दुधालु भैसीको छनौट, भाले खोज्ने उत्तम समय पहिचान, कृतिम र प्राकृतिक गर्भधारण र महत्व, बाझोपनका मुख्य मुख्य कारण र समाधानका उपाय, उन्नत भैसीपालनमा उचित गोठ तथा व्यवसाय अवलोकन, भैसी पालन बिधी, उन्नतर गोठ निर्माण बिधि, भैसी पालन व्यवसायमा संतुलित दानाको महत्व, स्थानिय स्रोतबाट संतुलित दाना बनाउने तरिका, हरियो घासको महत्व, बाह्रै महिना हरियो घास उत्पादन गर्ने तरिका र घासको जात., घासको साइलेस (गुन्द्रुक)बनाउने बिधि.,वेगुती दुध र यसको महत्व, भैसीमा लाग्ने रोगको बारेमा जानाकारी., खोपको बारेमा जानाकारी, निरोगी र रोगी भैसी पहिचान तरिका, भैसिमा हुने आन्तरिक र बाह्य परजीवि, भैसी उल्टने र गर्भपतनका कारण र रोकथामका उपाय., नश्ल सुधार, पशुखोप तालिका, पशुको प्राथामिक उपचार, भैसी पालन व्यवसाय संग सम्बन्धित विविध ज्ञान र सिप , बजार व्यवस्थापन, भैंसीपालनको स्किम, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको र संस्थाका सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने शाखा प्रमुख लेखनाथ काफ्लेले बताएका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५ कार्तिक मसान्तसम्ममा ३ लाख २८ हजार ९०६ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ११ करोड ८१ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब १३ करोड ६५ लाख बचत परिचालन गरेको छ । भैसीपालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको  शाखा प्रमुख श्री लेखनाथ काफ्लेले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी श्री भिमसरी तिवारी र श्री देउमा देवी खत्रिले मन्तव्य राखेका थिए । व्यवसायिक रुपमा उन्नत भैसीपालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । भैसीपालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका कोहलपुर क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत श्री प्रेम प्रसाद सुवेदीले जानकारी गराएका थिए । तालिमको संचालन खजुरा शाखाका लेखापाल श्री हरिबोल भट्टराइले गरेका थिए ।